IOM • OIM

# International Organization for Migration




# निर्ब्याजी ऋण योजना (एन.आइ.एल.एस)

## ऋण योजनाका बारेमा

अन्तर्राष्ट्रिय आप्रवास संगठन (आइ.ओ.एम) अन्तर्गतको निर्ब्याजी भ्रमण ऋण कोषले सबक्लास 202 भीसा अनुसार अष्ट्रेलिया प्रवेश गर्न चाहनुहुने आवेदक शरणार्थीहरूको भ्रमण खर्च जुटाउनमा सहयोग गर्दछ ।

यो कोषले भ्रमण खर्चको 75% सम्म उपलब्ध गराउँदछ र यो खर्च तपाईंको परिवारको सदस्य वा साथी अष्ट्रेलिया आइसकेपछि तिनुपर्ने हुन्छ ।

आइ.ओ.एम.ले तपाईंलाई भ्रमण खर्चमा मद्दत गर्नुको साथै तपाईंको परिवारको सदस्य वा साथी अष्ट्रेलिया भ्रमणमा आउनु अघि, त्यहाँ रहेको बेलामा वा त्यहाँबाट प्रस्थान गरिसकेपछि पनि सुझाव सल्लाह तथा आवश्यक समर्थन प्रदान गर्दछ ।

यस्तो सहयोग वा समर्थन अन्तर्गत् अष्ट्रेलिया प्रस्थान गर्नका लागि अवश्यक पर्ने कागजातहरू तयार पार्ने कार्यमा सम्भव भएसम्म सहयोग गर्नु तथा सबैजसो ट्रान्जिट बिन्दूहरूमा कर्मचारीको व्यवस्था गरेर उडानहरू बीचको अवधि झण्झटरहित र सुविस्तापूर्ण बनाउनु आदि गर्दछ ।




## को योग्य हुनु हुन्छ?

बसाइँसराइ व्यवस्थापनमा अग्रणी अन्तर्राष्ट्रिय संस्थाका रुपमा परिचित आइ.ओए.म, अष्ट्रेलियाको आप्रवास तथा सीमा सुरक्षा विभागसँगको सहकार्यमा प्रस्तावकहरूलाई अष्ट्रेलिया भ्रमण गर्दा आवश्यक पर्ने विभिन्न प्रकारका सहयोगहरू उपलब्ध गराउने तथा सबक्लास 202 भीसाका प्रस्तावकहरूको आर्थिक भारलाई सहज बनाउने कार्यमा प्रतिबद्ध रहेको छ ।

परिवार वा साथीलाई सबक्लास २०२ भीसा प्राप्त भएको छ भने, तपाईं निर्ब्याजी ऋणका लागि आवेदन दिन योग्य हुनुहुन्छ ।

## म कसरी आवेदन दिन सक्छु ?

यो आवेदन फारम भर्नुहोस्:
http://www.iomaustralia.org/PDF/DetailSheet.pdf.

तपाईंले निम्न कागजातहरू संलग्न गर्नुपर्ने हुन्छः

1. आवेदक लाई सहयोग गर्न तथा ऋणको पूरा अवधिभर आइ. ओ. एमका लागि सम्पर्क बिन्दू बनिदिन इच्छुक समूहको पत्र।
2. सबक्लास 202 भीसा प्राप्त भएको कुरा देखिने पत्रको स्पष्ट प्रतिलिपि।

आवेदन फारम पूरा गरिसकेपछि त्यसलाई यो ठेगानामा पठाउनुहोस्:

**IOM Canberra**
**PO Box 1009**
**CIVIC SQUARE ACT 2608**

अथवा यसमा फ्याक्स गर्नुहोस् **02- 6257 37 43**

## ऋण तिर्नका लागि को जिम्मेवार हुन्छन्?

प्रस्तावक अथवा 202 भीसामा प्रवेश गर्ने व्यक्ति सहमति बमोजिमको समय सीमाभित्रपूरा ऋण तिर्न जिम्मेवार हुनेछन् ।

यो एक चक्रीय ऋण योजना हो, हामी आवेदन प्रक्रियामा हस्ताक्षर गरिएका कागजात अनुसार समय सीमाभित्रै ऋण तिर्ने व्यक्तिहरू जिम्मेवार हुनेछन् , जसले गर्दा उक्त कोष अर्को परिवारलाई अष्ट्रेलिया भ्रमण गराउने कार्यमा प्रयोग गर्न सकियोस्।

प्रस्तावकले रोजेको अवस्थामा ऋण तिर्नका लागि म जिम्मेवार हुनेछु भन्ने व्यहोराको कबुलियत पत्रमा भ्रमणमा जाने व्यक्तिले हस्ताक्षर गर्नु आवश्यक हुन्छ।

## मैले ऋण कसरी तिर्नुपर्छ?

ऋण सेन्टरलिङ्कको सेन्टरपे डिडक्सन प्रणालीअनुसार पाक्षिक रूपमा तिर्दै जानुपर्छ। तपाईंको भ्रमण खर्च निश्चित भइसकेपश्चात् आइ. ओए. मले तपाईंलाई एउटा ऋण भुक्तानी तालिका सिफारिस गर्नेछ ।

यदि प्रस्तावक वा उनीहरूलाई सहयोग गर्ने समूहले आइ. ओए. मलाई परिस्थिति फेरिएको कुरा सूचित गरेमा ऋण भुक्तानी तालिकामा फेरबदल गर्न सकिनेछ ।

आइ. ओ. एम एकवटा भ्रमण समूहका लागि एकवटा ऋण भुक्तानी किस्ता हुनुपर्छ भन्ने कुरालार्य विशेष जोड दिन्छ, तर यदि तिर्नुपर्ने ऋण 3000.00 डलरभन्दा बढी भएमा किस्ताहरू लाई टुक्र्याएर तिर्ने छनोट दिइनेछ ।प्रत्येक सदस्यले उनीहरू आफ्नो (तथा/वा उनीहरूप्रति आश्रित सन्तानको) भ्रमण खर्च तिर्नमा जिम्मेवार हुनेछन् भन्ने व्यहोराको कबुलियत पत्रमा सही गर्नु पर्दछ ।

यदि ऋण तिर्नुपर्ने व्यक्तिले सेन्टरलिङ्कका सुविधाहरू प्राप्त गर्न छाडेमा उनीहरूले तुरुन्त आइ. एममा सम्पर्क राखिहाल्नुपर्छ ताकि ऋण भुक्तानीका लागि वैकल्पिक तरिका मिलाउन सकियोस् ।

International Organization for Migration

IOM • OIM

## आवेदनमा सघाउ

आइ.ओ.एम ऋणका लागि आवेदन दिन लागेको प्रस्तावकसँग सहायता गर्न इच्छुक तथा जानकारी राख्ने समर्थन समूह हुनु महत्वपूर्ण हुन्छ ।

कुनै प्रस्तावकका लागि समर्थन समूह भएर काम गर्दा तपाईंको संस्थाले निम्न सेवाहरू प्रदान गर्ने अपेक्षा गरिएको हुन्छः

- प्रस्तावकलाई आइ. ओ. एममा पूर्ण ऋण आवेदन बुझाउने कार्यमा सहयोग गर्ने।
- आइ. ओ. एमका लागि सम्पर्क बिन्दु बनिदिन सहमतहुने तथा प्रस्तावक वा प्रवेशकर्ता लाई उनीहरूले हस्ताक्षर गर्नु पर्ने सबै आइ. ओ. एम सम्बद्ध कागजातहरूमा लेखिएका कुराहरू बुझाउनु पर्ने कार्यको जिम्मेवारी लिने र कागजातको सक्कलप्रति लाई आइ. ओ. एममा फिर्ता पठाउने।
- पूराऋणअवधिभर, ऋणसँग सम्बद्ध कुनै पनि मामिलामा आइ. ओ. एमसँग सम्पर्क र सहकार्य गर्ने कुरामा सहमत हुने।
- प्रस्तावक वा प्रवेशकर्तासँग ऋण पूर्ण तथा नियमितरूपले तिरिएको छ वा छैन भनेर ताकेता गर्नमा सहमत हुने।
- प्रस्तावक वा प्रवेशकर्ताको ठेगाना वा टेलिफोन नम्बरमा कुनै परिवर्तन भएमा सो बारे आइ. ओ. एमलाई सूचित गराउनमा सहमत हुने।
- प्रस्तावक वा प्रवेशकर्ताको परिस्थितिमा कुनै बदलाव आएमा, विशेष गरी यदिऋण भुक्तानी कर्ताले सेन्टरलिङ्क सुविधा प्राप्त गर्न छाडेमा सो बारेआइ. ओ. एमलाई सूचित गराउनमा सहमत हुने।

हामी आइ. ओ. एम भ्रमण ऋणसँग सम्बन्धित सेवाहरू उपलब्ध गराउन चाहनुहुने सम्पूर्ण संस्थाहरूलाई माथिको मार्गदर्शन अध्ययन गर्नुहुन उत्प्रेरित गर्दछौं । यदि तपाईंलाई तपाईंको संस्थाले यो स्तरको सेवा उपलब्ध गराउन सक्छजस्तो लाग्दैन भने कृपया प्रस्तावकलाई अन्य संस्थामा सम्पर्क गर्न लगाउनु होस् ।



## मैले कसरी आइओएममा सम्पर्क राख्न सक्छु?

यदि तपाईंलाई थप सहायता वा जानकारी चाहिएमा कृपया आइ. ओ. एम क्यानबेरामा सम्पर्क राख्नुहोस् ।

फोनः**02 6267 6600**

इमेलःNILS@iom.int

## बारम्बार सोधिने प्रश्नहरू

**कस्ता व्यक्ति ऋण आवेदनका लागि योग्य हुन्छन्?**

एस. एच. पी भीसा (सबक्लास 202) प्राप्त गरेका सबै आवेदकहरू आवेदनका लागि योग्य हुन्छन् । यदि प्रस्तावकले तिर्न बाँकी कुनै ऋण छ भने उनीहरू आवेदनका लागि योग्य हुँदैनन् ।

**एउटा ऋण स्वीकृत हुन कति समय लाग्छ?**

आइ. ओ. एमलाई आवेदन फारम, भीसा प्राप्त भएको पत्र तथा सामुदायिक संस्थाबाट समर्थन भएको पत्र प्राप्त भइसकेपछि ऋण स्वीकृत हुन २४ घण्टाभन्दा कम समय पर्याप्त हुन्छ । बुकिङ गर्नुभन्दा पहिले २५ प्रतिशत रकम आइ. ओ. एममा बुझाउनु पर्दछ ।

**उक्त २५ प्रतिशत रकम कसरी बुझाउन सकिन्छ?**

उक्त रकम आइ. ओ. एमले चयन गरेको खातामा, बैंक चेकबाट, मनीअर्डरबाट वा सीधै शाखामा जम्मा गर्न सकिन्छ ।

**ऋण चुक्ता गर्नुपर्ने समय सीमा कति हो?**

ऋणको किस्ता भुक्तानी नियमित रुपमा गरिनु आवश्यक छ । प्रायः सबै अवस्थामा भुक्तानीको समयसीमा 24 महिनाको हुन्छ ।

**प्रायोजकहरूले कहिले अन्तिम लागत प्राप्त गर्नेछन् र कहिलेबाट भुक्तानी शुरु हुन्छ?**

सूचक लागत रकम तपाईंले आइ. ओ. एममा आवेदन दर्ता गराउनुभएको ४८ घण्टाभित्र उपलब्ध गराइनेछ । अन्तिम लागत भने परिवार अष्ट्रेलियामा आइपुगेको अर्को महिना पठाइनेछ । भुक्तानीको शुरुवात परिवार सेन्टरलिङ्क सुविधाका लागि दर्ता भएपश्चात् शुरु हुन्छ ।

**परिवार आइपुगेको कुरा प्रस्तावकले कहिले थाहा पाउनेछन्?**

उपयुक्त विदेशी नियोगबाट बुकिङ्को पुष्टि भइसकेपछि उक्त बुकिङ्को जानकारी तथा आगमन मिति सहित आइ. ओ. एमले प्रस्तावलाई सीधै वा समर्थन समूहमार्फत् सम्पर्क गर्नेछ ।

**अन्तर्राष्ट्रिय तथा अष्ट्रेलियाली विमानस्थलहरूमा ऋण प्रापकहरूलाई ट्रान्जिट हुँदाको बखत सहायता प्राप्त हुन्छ?**

आइ.ओ. एमको उपस्थिति नभएका देशहरूबाहेक सबै प्रमुख अन्तर्राष्ट्रिय विमानस्थलहरूमा ट्रान्जिट सहायता उपलब्ध छ । अष्ट्रेलिया पुगिसकेपछि भने एस. एच. पी भीसाबाहकहरूलाई आइ. ओ. एमले **ट्रान्जिट** सहायता उपलब्ध गराउँदैन ।

**लेखपढ गर्न असक्षम व्यक्तिहरूलाई फारम भर्ने कार्यमा आइ. ओ. एमले कसरी सहायता प्रदान गर्दछ?**

यो जस्तो समस्या भएको अवस्थामा पहिले सम्पर्क राख्नुपर्ने ठाउँ संयुक्त राष्ट्र संघीय शरणार्थी उच्चायोग (यु. एन. एच. सी. आर) हो । आइ. ओ. एमले आवश्यक परेको खण्डमा अन्य आइपर्ने सहयोगहरू गर्न सक्नेछ ।